# *भ्रूण प्रश्न* कविता सङ्ग्रहका कविताहरूमा लैङ्गिक काव्यमूल्य

दीपकप्रसाद न्यौपाने, विद्यावारिधि
उपप्राध्यापक : नेपाली
त्रिवि : महेन्द्र बहुमुखी क्याम्पस, धरान।
tu.deepak31@gmail.com
https://doi.org/10.3126/pj.v5i8.73802

## सारसङ्क्षेप

*भ्रूण प्रश्न* कविता सङ्ग्रहमा सङ्गृहीत कविताहरूको लैङ्गिक मूल्यका आधारमा विश्लेषण गरिएको यो लेख गुणात्मक अनुसन्धान ढाँचामा आधारित रहेको छ। यसमा पुस्तकालयीय स्रोतका सामग्रीहरूको सङ्कलन गरी सामग्रीहरूको विश्लेषणका माध्यमबाट निष्कर्षमा पुगिएको छ। यसमा सांस्कृतिक अध्ययनअन्तर्गतको लैङ्गिक अध्ययनलाई सैद्धान्तिक आधार बनाइएको छ। लैङ्गिक अध्ययनमा कृतिभित्रको लैङ्गिक पक्षको विभिन्न आयामका आधारमा विश्लेषण गरिन्छ। यस्ता विविध आयामहरूमध्ये यस अध्ययनमा चाहिँ आत्रेयको प्रस्तुत सङ्ग्रहभित्रका कवितामा नारीहरूको प्रतिनिधित्व, पहिचान र प्रतिरोधको अवस्थालाई केकसरी देखाइएको छ भन्ने कुराको खोजी गरिएको छ। यस सङ्ग्रहभित्रका लैङ्गिक चेतनामा आधारित कविताहरूमा नारी प्रतिनिधित्व, पहिचान र प्रतिरोधलाई केकसरी विश्लेषण गरिएको छ भन्ने समस्यामा केन्द्रित रही तथ्यको विश्लेषण गरिएको यस अध्ययनबाट कवि आत्रेयका कवितामा पितृसत्तात्मक समाजका प्रताडनामा रहेका नारीहरूको प्रतिनिधित्व रहेको र यस्ता नारीहरूमध्ये कतिपयलाई परम्परागत समाजका मूल्यमान्यतालाई विनातर्क परिपालना गर्ने नारीका रूपका, कतिपय नारीलाई स्थितिप्रति असन्तुष्ट भएर विद्रोहमा नै उत्रिने नारीका रूपमा पहिचान दिइएको निष्कर्षका साथै यी कवितामा लैङ्गिक हिंसाका विरुद्धमा प्रकट भएको आक्रोशलाई प्रतिरोधका रूपमा प्रस्तुत गरिएको निष्कर्ष प्राप्त भएको छ। लैङ्गिक चेतनाको प्रयोगका दृष्टिले *भ्रूण प्रश्न*मा सङ्गृहीत कविता निकै उत्कृष्ट रहेको निष्कर्षसमेत यस लेखबाट प्राप्त भएको छ।

*शब्दकुञ्जी* : पहिचान, प्रतिनिधित्व, प्रतिरोध, लैङ्गिकता, शरीर राजनीति

## विषयपरिचय

*भ्रूण प्रश्न* कविता सङ्ग्रहमा रहेका नारी चेतनामा आधारित कविताहरूको लैङ्गिक मूल्यका दृष्टिले विश्लेषण गर्नु यो लेखको विषय हो। यो कवि टीका आत्रेयको वि.सं.२०७७ सालमा प्रकाशन भएको समसामयिक विषयवस्तुमा आधारित कविताहरूको सङ्ग्रह हो। इलाम जिल्लाको फाकफोकथुम गाउँपालिकामा बुबा नरेन्द्रकान्त र आमा पुण्यप्रभा पौड्यालकी सुपुत्रीका रूपमा जन्मिई इटहरी सुनसरीमा स्थायी बसोबास गर्दै आएकी टीका आत्रेय नेपाली पद्यकविता क्षेत्रकी कुशल प्रतिभा हुन्। जनसङ्ख्या

विषयमा एम. ए. तथा शैक्षिक योजना तथा व्यवस्थापन विषयमा एम. एड. तहसम्मको औपचारिक शिक्षा प्राप्त गरिकी आत्रेय पेसाले प्राध्यापक हुन् । स्रष्टाका रूपमा उनी कवि तथा गजलकारका रूपमा स्थापित छिन् । हालसम्म उनका *मनको क्षितिज* (गजल सङ्ग्रह-२०६८), *युगको सङ्घार* ( गजल सङ्ग्रह- २०७५) र *भ्रूण प्रश्न* (कविता सङ्ग्रह-२०७७) तीनवटा पुस्तकाकार कृतिहरू प्रकाशित छन् । शास्त्रीय तथा शास्त्रीयेतर दुवै ढाँचामा गजलहरूको रचना गर्ने आत्रेयका गजलमा प्रेम, मानवता, मातृत्व, नारी संवेदना, राष्ट्र, राष्ट्रियताजस्ता विषयवस्तुको प्रयोग भएको पाइन्छ । उनलाई गजलले जुन पहिचान दिएको छ त्यसभन्दा बढी उनी कविकै रूपमा परिचित छन् । राष्ट्रिय कविता महोत्सव २०७९ मा नेपाल प्रज्ञा प्रतिष्ठानबाट कविता विधामा स्वर्ण पदकसमेत प्राप्त गरेकी आत्रेय राष्ट्रिय तथा स्थानीय क्षेत्रमा धेरै सम्मान तथा पुरस्कारबाट सम्मानित छन् । नेपाली साहित्यका विविध विधामा पुऱ्याएको योगदानका कारण उनी तुलसा देवी वाणी पुरस्कार, (वाणी प्रकाशन, विराटनगर, २०६९ ), राजेश्वर रेग्मी साहित्यिक पुरस्कार (राजेश्वर रेग्मी स्मृति कोष, विराटनगर,२०७३), टीकाप्रसाद शर्मा वस्ती स्मृति पुरस्कार (कविशिरोमणि साहित्य साधना, धरान, २०७६), दशरथ जोगमाया साहित्य पुस्कार (प्रश्रित प्रतिष्ठान, कोशीपूर्व शाखा, २०७५), धनमाया लामिछाने स्मृति पुरस्कार (गर्गाचार्य, विश्वभाषा पुस्तकालय, धनकुटा, २०७४), भवानी मिश्र पुरस्कार (साहित्य कला सङ्गम- दमक, २०७८), सर्वोत्कृष्ट गजल कृति पुरस्कार (अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज सन्, २०२१), प्रतिभा धिताल छन्द पुरस्कार (हेटौँडा २०७९), नरेन्द्र चापागाईँ स्मृति पुरस्कार( विराटनगर, २०८०), इटहरी काव्य पुरस्कार (इटहरी साहित्यिक समूह-२०८१) जस्ता पुरस्कारबाट विभूषित भएकी छिन् । यसका अतिरिक्त उनी एक दर्जनबढी साहित्यिक संस्थाबाट पनि सम्मानित छिन् ।

कविका रूपमा विशिष्ट पहिचान बनाएकी कवि टीका आत्रेयको *भ्रूण प्रश्न* शास्त्रीय ढाँचामा रचना गरिएको पद्य कविताहरूको सङ्ग्रह हो । शिखा बुक्स पब्लिकेसनबाट २०७७ सालमा प्रकाशित यस सङ्ग्रहमा विभिन्न समयमा रचित राष्ट्रियता तथा लैङ्गिकतालाई विषयवस्तु बनाइएका ५२ वटा फुटकर कविताहरू सङ्गृहीत छन् । यस सङ्ग्रहमा '*भ्रूण प्रश्न*, 'आमा बनेको दिन', 'वासनाका सिकारीविरुद्ध', 'सृष्टिमसी', 'गान्धारीहरूमा', 'नकाम गृहिणी उवाच', 'आमा', 'वसुन्धरा', 'अभिमान', 'अर्धाङ्ग' र 'चिता पनि भनिरहेछ' गरी जम्मा ११ वटा कविताहरू नारी लैङ्गिक चेतनासँग सम्बन्धित विषयवस्तुमा आधारित छन् । 'बा' र 'प्रेम २' कवितामा पनि पुरुष तथा नारी लैङ्गिक चेतनाको प्रयोग भए पनि यी कवितामा लिङ्ग राजनीतिपरक नारी संवेदनाको अभिव्यक्ति पाइँदैन । आत्रेयका यस सङ्ग्रहमा सङ्गृहीत नारी लैङ्गिक चेतनासँग सम्बन्धित कविताहरू २०७० को दशकभित्रै लेखिएका देखिन्छन् । यी कविताहरू खास कालिक परिवेशका उपजका रूपमा नभई परम्परागत पितृसमाजका मूल्यमान्यताका कारण नारीले भोग्नु परेका समस्यामा केन्द्रित रहेका देखिन्छन् । यस सङ्ग्रहमा विशेषतः लैङ्गिक चेतना तथा राष्ट्रियतासँग सम्बन्धित कविताहरू रहेका छन् । कविले यसमा नारी संवेदना, माटो वा राष्ट्रियता र युवाहरूको विदेश पलायन तीन किसिमको वियषयवस्तुको प्रयोग गरेको सङ्केत गरेकी छन् (आत्रेय,२०७७, मेरो भन्नु) । देश तथा युवा शक्तिको विदेश पलायन एउटै कथ्यगत सन्दर्भहरू हुन् । यी कविताले समग्रमा राष्ट्रप्रेमसँग सम्बन्धित कविका

अनुभूति, भाव वा विचारलाई प्रस्तुत गरेका छन् । शास्त्रीय पद्य लयमा संरचित यस सङ्ग्रहका कविताले उल्लिखित विषयवस्तुका माध्यमबाट कविका अनुभूति, भावना तथा विचारलाई अभिव्यक्त गरेका छन् । यी कवितामा राष्ट्रियता तथा नारी चेतनासँग सम्बन्धित कविका वैयक्तिक अनुभूतिहरू सार्वभौम भावका रूपमा प्रस्तुत भएका हुनाले यो कृति नेपाली कविता विधाको उल्लेख्य प्राप्ति बन्न पुगेको छ । आत्रेयका कविताका विविध विषयगत आयामहरूमध्ये लैङ्गिक चेतना एक प्रमुख काव्य क्षेत्रका रूपमा देखिएको छ । अन्य विषयसम्बद्ध कविताले भन्दा लैङ्गिक विषयकेन्द्रित रचनाले उनलाई विशेष पहिचान दिलाएकाले यो क्षेत्र आत्रेयका लागि निकै मलिलो बनेको देखिन्छ । यही कारणले यहाँ आत्रेयको प्रस्तुत *भ्रूण प्रश्न* कवितासङ्ग्रहभित्रका लैङ्गिक चेतनासँग सम्बन्धित कवितालाई मात्र विश्लेषण गरिएको छ ।

प्रस्तुत अध्ययन *भ्रूण प्रश्न* कविता सङ्ग्रहभित्रका नारीवादी चिन्तनसँग सम्बन्धित कविताहरूको लैङ्गिक अध्ययनसँग सम्बन्धित छ । आत्रेयले विभेदको चपेटामा परेका नारीहरूका गर्भदेखि मृत्युसम्मकै लैङ्गिक प्रताडनालाई केन्द्र बनाएर यस सङ्ग्रहमा एक दर्जनजति कविताको रचना गरेकी छन् । यी कवितामा लैङ्गिक विभेदविरुद्धको स्वरलाई केकसरी प्रस्तुत गरिएको छ भन्ने विषयमा अद्यापि कुनै विमर्श नभएका सन्दर्भमा यस अध्ययनमा यस विषयलाई विश्लेषण तथा मूल्याङ्कनको विषय बनाइएको हो । यसका लागि प्रस्तुत लेखमा *भ्रूण प्रश्न* कविता सङ्ग्रहभित्रका कविताहरूमा नारी चरित्रहरूको प्रतिनिधित्व, पहिचान र प्रतिरोधलाई केकसरी प्रस्तुत गरिएको छ तथा लैङ्गिक काव्यमूल्यका दृष्टिले यी कविताहरूको मूल्याङ्कन कसरी गर्न सकिन्छ यी दुइटा समस्याहरूको निर्धारण गरिएको छ । यो अध्ययन *भ्रूण प्रश्न* कवितासङ्ग्रहभित्रका नारी केन्द्रित कवितामा प्रस्तुत लैङ्गिक पक्षको विश्लेषणमा केन्द्रित रहेकाले यस अध्ययनमा यस सङ्ग्रहका कविताहरूमा प्रयुक्त नारीहरूको प्रतिनिधित्व, पहिचान र प्रतिरोधको विश्लेषण गरी लैङ्गिक काव्यमूल्यका आधारमा यी कतिताहरूको मूल्याङ्कन गर्ने कामलाई यस लेखको उद्देश्यका रूपमा लिइएको छ ।

## अध्ययन विधि

प्रस्तुत लेखमा समस्या कथनमा उडठाइएका प्रश्नहरूको प्राज्ञिक समाधानका लागि लैङ्गिक अध्ययनसँग सम्बन्धित समालोचना सिद्धान्तका मूल स्थापनालाई प्रमुख आधार बनाइएको छ । यस सन्दर्भमा लैङ्गिक अध्ययनका क्रममा नारी केन्द्रित कवितामा निहित नारी पात्रको प्रतिनिधित्व, पहिचान र प्रतिरोधको अवस्थाको विश्लेषण गरिएको छ ।  यस आलेखमा प्रायः द्वितीयक स्रोतका पुस्तकालयीय सामग्रीको उपयोग गरिएको छ भने सामग्री विश्लेणका क्रममा विश्लेषणात्मक विधिको प्रयोग गरिएको छ । यहाँ सैद्धान्तिक पर्याधारका निर्माणका सन्दर्भमा सांस्कृतिक समालोचना तथा नारीवादी समालोचा एवम् लैङ्गिक समालोचनाका व्याख्याताहरूले प्रस्तुत गरेका द्वितीयक सामग्रीहरूको प्रयोग गरिएको छ भने पहिलो तथा दोस्रो समस्याको विश्लेषण गर्दा लैङ्गिक मूल्यका आधारमा कविताको सूक्ष्म पठन गरी यी कवितामा अन्तर्निहित प्रतिनिधित्व पहिचान र प्रतिरोधकाने विश्लेषण गरिएको छ । तथ्यहरूको गुणात्मक विश्लेषणका माध्यमबाट निष्कर्षमा पुगिएको हुनाले यो अध्ययन पूर्ण रूपमा गुणात्मक अनुसन्धान ढाँचामा आधारित छ ।

यसमा मूलतः लैङ्गिक विश्लेषणको पर्याधारमा केन्द्रित रही पाठ विश्लेषणका माध्यमबाट सामग्रीको अर्थापन गरिएको छ।

## सैद्धान्तिक पर्याधार

लैङ्गिक अध्ययन सांस्कृतिक अध्ययनसँग जोडिएको विषय हो । लिङ्गलाई केन्द्रमा राखेर साहित्यिक कृतिको रचना गर्ने परम्परा निकै पुरानो भए पनि यसका आधारमा कृतिको विश्लेषण गर्ने कामचाहिँ निकै पछि मात्र भएको पाइन्छ। यसमा पनि नारीवादी कोणबाट कृतिको मूल्याङ्कन गर्ने काम पश्चिममा दोस्रो विश्वयुद्धताका मात्र सुरु भएको मानिन्छ। यस सन्दर्भमा सिमोन द बुआको **द सेकेन्ड सेक्स** (१९४९) बाट पश्चिममा नारीवादी आन्दोलनको उठान भएको देखिन्छ (बराल, २०५२, पृ. १३८)। नारीमाथि भएका सबै किसिमका उत्पीडनलाई समेटेर कृति लेख्ने तथा तिनको समालोचना गर्ने परम्परा विकास भएसँगै पश्चिममा १९६० का दशकमा सांस्कृतिक अध्ययनको प्रारम्भ भई यसले जातीयता लैङ्गिकता, पहिचान, प्रतिनिधित्वजस्ता पक्षको अध्ययन गर्न थालेपछि (गिरी, २०७०, पृ.२६) नारीवादीकोणबाट कृतिको विश्लेषण गर्ने नयाँनयाँ ढाँचाको विकास भएको छ। लैङ्गिक अध्ययनलाई पनि सांस्कृतिक अध्ययनको एउटा प्रमुख क्षेत्रका रूपमा लिने गरिएको छ।

सन् १९६४ मा बेलायतको बर्मिङ्घम विश्वविद्यालयमा सांस्कृतिक अध्ययन केन्द्रको स्थापना भएपछि पश्चिममा सांस्कृतिक अध्ययनको थालनी भएको मानिन्छ (पाण्डेय,२०७८,पृ.५०)। रिचार्ड होगार्ट, रेमन्ड विलियम्स, इपि थम्पसन तथा स्टुआर्ट हलबाट बेलायतमा सुरु भएको सांस्कृतिक अध्ययनले अहिले निकै व्यापकता पाएको छ । सांस्कृतिक अध्ययनका क्षेत्रमा ग्राम्चीको प्रभुत्वसम्बन्धी मान्यताले विशेष भूमिका खेलेको देखिन्छ (गुरुङ,२०७०,पृ.१०८) । ग्राम्चीले पुँजीवादी सत्ताले सांस्कृतिक प्रभुत्वद्वारा समाजमा आधिपत्य र हैकम कायम गर्ने हुँदा उत्पीडित वर्गले पनि सांस्कृतिक प्रभुत्व कायम गर्नुपर्ने धारणा राखेको सन्दर्भलाई गुरुङले उल्लेख गरेका छन्। पछि अमेरिकामा पुगेर सांस्कतिक अध्ययनको थप विकास भएको पाइन्छ । अमेरिकी सांस्कृतिक अध्ययनको प्रारम्भ १९८० को दशकमा उत्तरसंरचनावादी वा उत्तरआधुनिकतावादी विचारहरूका केन्द्रीयतामा भएको पाइन्छ (गिरी, २०७०, पृ.२५)। गिरीले सांस्कृतिक अध्ययनको अध्ययन क्षेत्र अत्यन्तै व्यापक रहेको चर्चा गर्दै आधुनिकता, उत्तरआधुनिकता, उत्तरऔपनिवेशिकता, भूमण्डलीकरण, भूमण्डलीय संस्कृति, पहिचान, प्रतिनिधित्व, जातीयता, लैङ्गिकता, विचारधारा, राष्ट्र राज्य, सांस्कृतिक राजनीति, सांस्कृतिक नीति, लोकप्रिय संस्कृति, फेसन, उपभोग, साइबर कल्चर, मिडिया अध्ययन, टेलिभिजन, पाठ, दर्शक, डिजिटल मिडिया संस्कृति, वर्णसङ्कर संस्कृति, सांस्कृतिक परिवर्तन आदिलाई सांस्कृतिक अध्ययनका क्षेत्रका रूपमा चिनाएका छन् (पृ.२५)। गुरिन र अन्य (सन् २००५) लाई उद्धृत गर्दै एकनारायण पौड्याल (२०७०, पृ. १४८) ले सांस्कृतिक अध्ययन मार्क्सवाद, उत्तरआधुनिकतावाद, नारीवाद, लैङ्गिक अध्ययन, मानवशास्त्र, समाजशास्त्र, जाति जनजाति अध्ययन, सिनेमा सिद्धान्त, नगर अध्ययन, सार्वजनिक नीति, लोक सांस्कृतिक अध्ययन, उत्तरऔपनिवेशिक अध्ययन आदि सामाजिक र सांस्कृतिक शक्तिहरूको मिश्रित अध्ययन मानिएको हुनाले यो अन्तरविषयक र

बहुविषयक देखिने विचार प्रकट गरेका छन् । यस तात्पर्यमा लैङ्गिक अध्ययनलाई पनि सांस्कृतिक अध्ययनको एउटा महत्त्वपूर्ण क्षेत्रका रूपमा लिने गरिएको छ ।

लैङ्गिक अध्ययन सांस्कृतिक अध्ययनसँग सम्बन्धित विषय हो । साहित्यमा महिला तथा पुरुषको चित्रण कसरी गरिएको छ भन्ने कुराको खोजी गर्नु लैङ्गिक समालोचनाको उद्देश्य हो । महिला र पुरुषको प्राकृतिक पक्षको नभई सामाजिक पक्षको अध्ययन गर्नु यसको मूल चिनारी हो । लिङ्गका आधारमा समाजले निर्माण गरेको भूमिका नै लैङ्गिकता हो भने लैङ्गिक पक्षको अध्ययन नै लैङ्गिक समालोचना हो (भट्टराई, २०६८, पृ. २६१) । यसरी लैङ्गिक समालोचनाले महिला र पुरुष दुवैको भूमिकाको विश्लेषण गर्ने भए पनि यसअन्तर्गत नारी विभेदका सन्दर्भलाई प्रमुखताका साथ प्रस्तुत गरिएको हुन्छ । पितृसत्तात्मक समाजका कारण समाजमा महिलामाथि दमन भएको हो भन्ने मान्यतामा लैङ्गिक समालोचनाको सांस्कृतिक आधारको जग उभिएकाले लैङ्गिक अध्ययनभित्र अहिले नारी विभेदलाई प्रमुखता दिन थालिएको हो । लैङ्गिक अध्ययनका सन्दर्भमा पितृसत्ता भन्नाले सामाजिक संस्था र अभ्यासका सबै प्रक्रियाहरूमा पुरुषको महिला माथिको अधीनता तथा परम्परागत र व्यवस्थित दमन भन्ने बुझिन्छ (भट्टराई,२०६८,पृ. २६६) ।

लैङ्गिक अध्ययनभित्र पनि अहिले विभिन्न पक्षहरूको विश्लेषण गरिएको पाइन्छ । यस्ता विविध पक्षहरूमध्ये प्रतिनिधित्व, पहिचान, प्रतिरोध आदिका आधारमा साहित्यिक कृतिमा प्रयुक्त लैङ्गिक पक्षको प्रवृत्तिको अध्ययन गर्ने परम्पराको विकास भएको छ । प्रतिनिधित्व, पहिचान तथा प्रतिरोध सांस्कृतिक समालोचनामा प्रयुक्त प्राविधिक शब्द हुन् । यी शब्दहरूले कृतिभित्र कस्तो संस्कृतिलाई केकसरी प्रतिनिधित्व गराई तिनीहरूलाई कुन रूपमा पहिचान दिलाइएको छ भन्ने कुराको खोजी गर्दछ । यसका साथै सांस्कृतिक विखण्डन तथा तथा सांस्कृतिक हस्तक्षेपमाथिको प्रतिरोधलाई पनि यसअन्तर्गत अध्ययनको आधार बनाइएको पाइन्छ ।

प्रतिनिधित्वले कृतिमा कुन प्रकृतिको वा कस्तो संस्कृतिको उपस्थिति वा प्रतिनिधित्व गरिएको छ भन्ने प्रश्नको उत्तर खोज्दछ । कुनै जाति, वर्ग, लिङ्ग, संस्कृति आदिलाई कृतिमा कसरी प्रस्तुत गरिएको छ भन्ने कुरासँग प्रतिनिधित्वको सम्बन्ध जोडिएको हुन्छ । चैतन्यका अनुसार पहिचानको प्रश्न वर्ग, जात, जाति, लिङ्ग, राष्ट्रलगायत विविध विषयमा आधारित हुन्छ (२०७०, पृ. १५५) । यसले समाजको निश्चित संरचना र त्यस समाजमा जनताको प्रतिनिधित्वलाई जनाउँदछ (गिरी, २०७०, पृ २८) । पाठमा नारी, दलित, सीमान्तीकृत आदिको उपस्थिति कसरी भएको छ भन्ने कुरासँग नै प्रतिनिधित्वको सम्बन्ध जोडिएको हुन्छ । कुन वर्ग, लिङ्ग, जाति, राष्ट्रियताको उपस्थिति साहित्यमा कसरी भएको छ भन्ने कुराको खोजीसँग नै प्रतिनिधित्वको सम्बन्ध जोडिएको हुन्छ (भट्टराई, २०७०, पृ. ३३६) । खासमा साहित्यिक रचनामा पात्रका माध्यमबाट विशेषतः सीमान्तीकृत जात, वर्ग, लिङ्गको उपस्थिति हुनु वा स्रष्टाले आफ्नो रचनामा कुनै लिङ्ग, वर्ग, जातिको प्रतिनिधित्व हुने गरी कुनै पात्रको उपस्थिति गराउनु नै प्रतिनिधित्व हो । सिङ्गो समुदायको प्रतिनिधि भएर सामूहिक स्वरूपको वैशिष्ट्यलाई ग्रहण गर्नु प्रतिनिधत्वको विशेषता हो । नारी

केन्द्रित लैङ्गिक समालोचनाले पनि कृतिभित्र कस्ता प्रकृतिको नारीको प्रतिनिधित्व गराइएको छ भन्ने कुराको खोजी गर्दछ ।

पहिचान भनेको परिचय हो । यसलाई कलाकृतिमा प्रतिनिधित्व गराइएका पात्रहरू भूमिकाका रूपमा बुझ्न सकिन्छ ।कृतिभित्र पात्रलाई विभिन्न भूमिकामा उभ्याइएको हुन्छ । यस किसिमका भूमिकाले पात्रको परिचय दिएको हुन्छ । यही स्थितिलाई साहित्यशास्त्रमा पहिचनाका रूपमा चिनाइएको पाइन्छ । लैङ्गिक पहिचानका सन्दर्भमा लिङ्गका आधारमा उपेक्षित बन्न पुगेकाहरूले आफ्नो परिचयका स्थापनाका निम्ति गरिएका प्रयासका सन्दर्भहरूको पक्षलाई लैङ्गिक परिचय जेन्डर आइडेन्टिटी का नामबाट सम्बोधन गर्ने गरिएको पाइन्छ (सुवेदी,२०७३, पृ.३१२) ।

लैङ्गिक अध्ययनका सन्दर्भमा नारी प्रतिरोधलाई पनि विशेष रूपमा हेरिएको पाइन्छ । प्रतिरोधको सामान्य अर्थ हुन्छ विरोध । सांस्कृतिक अध्ययनका सन्दर्भमा सीमान्त वा परिधीयतामा रहेका वर्ग, जाति, लिङ्ग आदिले प्रभुत्वशाली र शक्तिमा रहेका वर्ग, जाति र लिङ्गका क्रियाकलापप्रति असहमति जनाउँदै उनीहरूलाई विस्थापित गरी आफू शक्तिमा आउन गरेको सङ्घर्ष वा शक्ति प्राप्तिका लागि गरिएको प्रयास नै प्रतिरोध हो (गुरुङ,२०७०, पृ. १०७) । यही सन्दर्भमा लैङ्गिक प्रतिरोध भनेको चाहिँ लैङ्गिक उत्पीडनका विरुद्धमा उठाएको आवाज वा त्यसको प्रतिकारका लागि गरिएका सबै किसिमका विरोधहरू भन्ने हुन्छ । लैङ्गिक समालोचनामा प्रतिरोधको सम्बन्ध पितृसत्तात्मक समाजमा महिलाको शरीर राजनीतिसँग गाँसिएको छ । शरीरमाथि आफ्नो अधिकारमा व्यक्तिको वैयक्तिक स्वतन्त्रताको विषयभएकाले अरूको शोषणबाट शरीर मुक्त रहनुपर्छ भन्ने मान्यता लैङ्गिक अध्ययनको विषय हो (भट्टराई,२०६८,पृ. २६९) । यसरी नारीमाथि भएका सांस्कृतिक हस्तक्षेपको विरोध, प्रतिकार अथवा विद्रोहका सन्दर्भमा नारीहरूबाटै भएका प्रयासलाई प्रतिरोधका रूपमा बुझ्नु सान्दर्भिक हुन्छ ।

## विमर्श र नतिजा

नारी लेखनको अध्ययन गर्ने विविध ढाँचाहरूमध्ये यस अध्ययनमा लैङ्गिक अध्ययनभित्रका प्रतिनिधित्व, पहिचान र प्रतिरोधलाई आधार बनाइएको छ । यसमा विशेष गरी आत्रेयका कवितामा पितृसत्तात्मक समाजमा नारीमाथि भएका विभेदहरूका विरुद्धमा भएका प्रतिरोधको स्वरलाई केकसरी अभिव्यक्त गरिएको छ भन्ने कुराको खोजी गरिएको छ । आत्रेयको *भ्रूण प्रश्न*भित्रका केही कवितामा पनि पितृसत्तात्मक समाजका सांस्कृतिक हस्तक्षेका चापमा परेका नारीहरूको प्रतिनिधित्व. पहिचान र प्रतिरोधका पक्षहरूलाई प्रमुखताका साथ उठाइएकाले यो अध्ययन यही सैद्धान्तिक मान्यतामा केन्द्रित रहेको छ । यस सन्दर्भमा प्रस्तुत अध्ययनमा नारी प्रतिनिधित्व, पहिचान तथा प्रतिरोधको सैद्धान्तिक पर्याधारमा रही यस सङ्ग्रहका नारीविभेदलाई कथ्य बनाइएका कविताहरूको विश्लेषण गरिएको छ ।

### *भ्रूण प्रश्न* कविता सङ्ग्रहका लैङ्गिक कवितामा प्रतिनिधित्व, पहिचान र प्रतिरोध

'भ्रूण प्रश्न' प्रस्तुत कविता सङ्ग्रहको शीर्ष कविता हो । यस कवितामा पारिवारिक वा सामाजिक अथवा पितृसत्तात्मक नेपाली समाजको परम्परित रूढ मनोविज्ञानका गर्भपतन गराइरहेकी नारीका साथै गर्भमा

रहेकी र लिङ्ग पहिचान भइसकेकी भ्रूणस्त्रीको प्रतिनिधित्व गराइएको छ । यस कवितामा पितृसत्तात्मक समाज बलि बनाइएका नारी जातिको प्रतिनिधित्व गराइएको छ । पितृसत्तात्मक समाजले छोरो हुनै पर्ने मान्यताबाट पुरुषहरूलाई मात्र हैन नारीहरूलाई पनि डोहोऱ्याइरहेको छ । यस परिस्थतिमा पुरुषहरू त छोराको अपेक्षा गर्छन् नै नारी पनि छोरा नै जन्मिदिए उत्तराधिकारी हुन्थ्यो भन्ने मनोविज्ञानबाट ग्रसित भएका छन् । यही कारणले गर्दा अहिले आपसी सल्लाहमा नै लिङ्ग पहिचान गरी गर्भपतन गराउने प्रवृत्ति बढेको छ । यसको जिम्मेवार भनेको पुरुष मानसिकता हो र यो मानसिकताको बलिमा नारीहरूले डढ्नु परिरहेको छ । यस सन्दर्भबाट कवितामा पितृसत्तात्मक मनोविज्ञानको बलिमा परेकी नारी जातिको प्रतिनिधित्व एकातिर गराइएको छ भने अर्कातिर जन्मन नपाई नै ध्वस्त पारिएका नारी भ्रूणहरूको र सिङ्गो समाजकै लैङ्गिक मानसिकताको समेत प्रतिनिधित्व गराइएको छ ।

कवितामा नारीहरूलाई छोरो जन्माइदिने उपकरण वा मेसिनका रूपमा र गर्भस्थ छोरीहरूलाई चाहिँ भ्रूणमै मर्न बाध्य जीवका रूपमा पहिचान दिलाइएको छ । यहाँ नारीले सधैँ बलि नै भइरहनुपर्ने यथार्थलाई कविताका निम्न श्लोकका माध्यमबाट व्यक्त गरिएको देखिन्छः

हे आमा कति बन्दछौ नियतिको सङ्घार पुज्ने बलि
तिम्रो कोख अगाडि दैत्य उभियो बोकेर भाला छुरी
आयो प्राण निभाउने प्रलय यो कस्तो अँध्यारो क्षण
छोरी जन्मनु श्राप हो यदि भने संसार कस्को भन (आत्रेय,२०७७, पृ. १)

नारीजीवलाई धर्तीमा जन्मिन नै नपाइने त्रास रहेको कथ्य कवितामा बारम्बार देहोऱ्याइएको छ । 'त्रासै त्रास छ भ्रूणमा पनि हरे पाउन्न कि जन्मिन' जस्ता कथनले बीज पहिचान गरी सृष्टिलाई नै समाप्त पार्ने नेपाली मनोविज्ञानलाई समेत कवितामा पहिचान दिलाइएको पाइन्छ । गर्भस्थ भ्रूणको प्रतिनिधित्वका वाच्यार्थका माध्यमबाट कवितामा मूलतः परम्परागत पितृसत्तात्मक नेपाली समाजको लैङ्गिक विभेदसम्बन्धी रूढ मानसिकतालाई प्रतिबिम्बित गराइएको हुनाले कवितामा हाम्रो समाजको पनि राम्रै पहिचान भएको देखिन्छ । कविताले गर्भपतन गराउने वा चिकित्साविज्ञानका उपकरणका माध्यमबाट नारी जातिकै अस्तित्व समाप्त पार्ने वर्तमान विसङ्गतिप्रति आक्रोश पोखेकाले वर्तमान नेपाली समाजको पहिचान पनि यस कविताले गराएकै देखिन्छ । लिङ्ग पहिचान गरी भ्रूणमै नारीको अस्तित्व समाप्त पार्ने प्रवृत्ति रहेका सबै ठाउँको मनेविज्ञानलाई यस कविताले स्पष्ट रूपमा प्रतिबिम्बित गरेकाले यस कविताले आम नारी जातिकै समस्यालाई प्रस्तुत गरी लिङ्ग केन्द्रित नारी समस्यालाई उजागर गरेको देखिन्छ ।

आत्रेयको 'भ्रूण प्रश्न' कवितामा लैङ्गिक विभेदप्रतिको प्रतिरोध सबैभन्दा बढी ससशक्त भएर आएको छ । समस्यापूर्तिका ढाँचामा लेखिएको यस कविताका सबै श्लोकमा दोहोरिने 'छोरी जन्मनु श्राप हो यदि भने संसार कस्को भन ?' भन्ने कवितांशले पितृसत्तात्मक समाजमा नारीमाथि हुने भेदभावको प्रश्नात्मक कथनका माध्यमबाट दह्रोखरो रूपमा प्रतिरोध गरेको छ ? । कविताको पहिलो श्लोकमा नै नारी भ्रूण समाप्त पार्ने हो भने ब्रह्माण्डको आधार नै समाप्त हुने विचार व्यक्त गर्दै सृष्टिको बाटो नै रोक्ने यस किसिमको

अपराधप्रति प्रतिरोधको स्वरलाई प्रस्तुत गएको पाइन्छ । कवितामा मान्छेबाहेक अरू कनै प्राणीमा यस किसिमको विभेद नहुने, मान्छेमा मात्र यस किसिमको प्रकृतिविरुद्धको खुनी शासन देखिनेजस्ता पक्षहरूलाई देखाई लैङ्गिक विभेदका विरुद्धमा प्रतिरोधी चेतनालाई प्रस्तुत गरिएको छ। कवितामा आक्रोशपूर्ण शैलीमा नभई शालीनताका साथ नारीहरूले बाच्न पाउने आवाजलाई प्रतिरोधी चेतनाका साथ प्रस्तुत गरिएको छ।

निचोडमा आत्रेयको प्रस्तुत कविताले लिङ्ग पहिचान गरी भ्रूणहत्या गर्ने प्रवृत्तिको विरोधका माध्यमबाट लैङ्गिकतासम्बन्धी नेपाली समाजकै मनोविज्ञानलाई प्रतिबिम्बित गरी नारीजातिलाई सृष्टिबाट समूल अन्त्य गर्ने नारी विरोधी सोचमाथि प्रतिरोध गर्न खोजेको देखिन्छ। आमा चाहिने, पत्नी चाहिने, बुहारी चाहिने तर छोरी नचाहिने नेपाली समाजको विरोधाभासपूर्ण मनस्थितिका अभिव्यक्तिका माध्यमबाट यस कविताले लिङ्गविभेदसम्बन्धी प्रतिरोधको स्वरलाई सशक्त रूपमा बुलन्द गरेको छ।

प्रस्तुत सङ्ग्रहको 'आमा बनेको दिन' लैङ्गिक चेतनासँग सम्बन्धित अर्को कविता हो । यसमा एकातिर नारीहरू शारीरिक रूपमा नै पुरुषहरूभन्दा भिन्न छन् भन्ने नारी चेतनालाई प्रस्तुत गरी नारीका रहर रुचि र बाध्ता आफ्नै किसिमका हुने विचारलाई प्रस्तुत गरिएको छ भने अर्कातिर नारीजाति जीवनमा हजारौँ मृत्युहरूलाई जित्न सक्नुपर्ने आशयलाई अभिव्यक्त गरिएको छ। कवितामा सन्तान जन्माउँदा सीमातीत कष्ट भोगेर मृत्युजेता बनेकी नवप्रसूति नारीको प्रतिनिधित्व गराई गर्भधारण, गर्भसम्भार तथा प्रसवका पीडाहरू भोग्नै पर्ने प्राणीका रूपमा नारी जातिको पहिचान गराइएको छ। सन्तान जन्माउने काम प्राकृतिक रूपमा नारीको हो। तर सन्तानलाई जन्म दिनचाहिँ सीमातीत कष्ट हुने र त्यो कष्ट भनिसाध्य नहुने विषयवस्तुको अभिव्यक्ति यस कवितामा पाइन्छ । कवितामा सृष्टिलाई निरन्तरता दिन प्रजजन अधिकार भएकी प्रसव अवस्थाको सीमातीत कष्ट भोगिरहेकी नारीको प्रतिनिधित्व गरिएको छ।

'आमा बनेको दिन' कवितामा नारीलाई मातृत्व शक्तिको प्रतिमूर्तिका रूपमा पहिचान इिएको छ। सन्तानलाई जन्म दिंदा आमामा सीमातीत वेदनाको सिर्जना भई जीवन र मरणको अवस्थामा पुग्नुपर्ने तथा रगतको आहालमा रहेर पृथ्वीलाई चिर्ने गरिको चिच्याहटबाट मृत्युलाई नै सन्त्रस्त बनाई सन्तानलाई जन्माउनु पर्ने नारीको प्राकृतिक प्रजनन प्रक्रियाको चर्चाका माध्यमबाट यस कवितामा अथाह पीडाको गहिराइमा डुबेर सन्तान जन्माउने नारी जातिको पहिचानलाई प्रस्तुत गरिएको छ । यो पहिचानलाई शरीर राजनीतिका रूपमासमेत हेर्ने गरिएको छ। शरीर राजनीति महिलाको व्यक्तिगत विषयसँग सम्बन्धित मानिन्छ। नारी पुरुषसम्बन्ध, महिलाको शरीरको कामुकता, रजस्वला, गर्भाधान तथा बच्चाको हेरचाहलाई नारीका निजी विषयका रूपमा लिने गरिएको छ। सांस्कृतिक अध्ययनमा आफ्नो शरीरको अधिकार आफूमा नै हुनुपर्ने मान्यतालाई शरीर राचजनीतिका रूपमा चिनाइएको छ (भट्टराई, २०६८, पृ.२६९) । यस किसिमको शरीरराजनीतिसम्बन्धी विषयमा केन्द्रित भएर यस कविताको रचना भएको देखिन्छ। कवितामा सुत्केरी गर्भधारणजस्ता व्यथाहरू केवल नारीले मात्र भोग्नु पर्ने नैसर्गिक र प्राकृतिक कुराहरू हुन् भन्ने देखाइएको छ। यस्तो सीमातीत कष्ट भोग्नु परे पनि आफूभित्रको अथाह मातृत्वका कारण जन्मजन्मान्तर नारी भएर नै बाँच्न चाहने नारीहरूको पहिचान यस कवितामा निम्नअनुसारका श्लोकका माध्यबाट भएको छः

मिथ्या हैन कदापि मृत्यु सहने आमाहरूको कथा
सुत्केरी अनि गर्भधारण अरू खप्नै परेका व्यथा
अर्को जन्म भयो भने पनि परोस् छोरी भई जन्मन
यौटा मृत्यु गरेँ परास्त पहिले आमा बनेको दिन। (आत्रेय,२०७७, पृ. ४)

कवितामा मृत्युलाई जितेर भए पनि एउटा सुन्दर सृष्टि वा रचना सुम्पन सकेकामा गौरवबोध गरिएको हुनाले यस कवितामा प्रतिरोधसम्बन्धी चेतनालाई भने प्रयोग भएको पाइँदैन। यसमा लिङ्गराजनीतिसम्बन्धी चेतनाको प्रयोग नपाइए पनि शरीरभेदकै कारण नारी मात्रले भोग्नुपरेका समस्यालाई चाहिँ यस कविताले पनि उठाएकै पाइन्छ। कविताले मृत्युलाई परास्त गरेर मात्र नारी सन्तानलाई जन्म दिनसक्छे अथवा एउटा सन्तान जन्माउँदा नारीले एउटा मृत्युलाई परास्त गरेकी हुन्छे भन्ने विषयवस्तुको अभिव्यक्ति दिई सृष्टिका स्रोतका रूपमा नारी जातिको प्रतिनिधित्व गरिएको छ। आफू नारी नै सृष्टिको गतिलाई निरन्तरता दिने भएकाले नारीले आफूले गर्व गर्नसक्नुपर्ने विषयलाई पनि यस कवितामा हार्दिकताका साथ प्रस्तुत गरिएको पाइन्छ।

'वासनाका सिकारीविरुद्ध' यस सङ्ग्रहको अर्को नारीवादी चेतनाको प्रयोग गरिएको कविता हो यस कवितामा नारीमाथि हुने बलात्कारका विरुद्धमा कडा शब्दमा प्रतिरोध गरिएको छ। कवितामा बलात्कार खप्न बाध्य नारी जातिको प्रतिनिधित्व गराइएको छ। कवितामा बलात्कृत भएर बाँच्न बाध्य भएका युगौँ देखिका नारीहरूको प्रतिनिधित्व समेत गरिएको छ। आफन्तबाटै बलात्कृत भएका, भ्रूणमै नारीचिह्नका कारण गर्भपतन गराइएका तथा पाठशालामा गुरुहरूबाटै जवानी लुटिएका नारीहरूको प्रतिनिधित्व गराई यिनीहरूले योनी-अङ्गकै कारण पुरुषहरूका आतङ्कको सिकार हुनुपरेको तथ्यलाई यस कवितामा सुन्दर ढङ्गले प्रस्तुत गरिएको छ। कवितामा आमा, सासू, भान्जी, छोरी सबै सबै बलात्कृत भएको देखेर कवि योनी भएका कुनै पनि वस्तुमाथि मन थाम्न नसक्ने पुरुषप्रति यसरी आक्रामक भएर प्रस्तुत भएकी छन् :

म आगो भएकी छु हिंसाहरूमा
म ज्वालामुखी फुट्छु हत्याहरूमा
पिई यौनप्याला डकार्नेहरूको
छ उल्टै सुरक्षा हरे देश मेरो। (आत्रेय,२०७७, पृ. ६)

महिलाहरूको हत्या, हिंसा तथा लैङ्गिक अपराधका विरुद्धमा ज्वालामुखी भएर आफू विस्फोटन हुने जुन अभिव्यक्तिको स्वर कवितामा व्यक्त भएको छ त्यसबाट नारीविद्रोहको स्वर सशक्त भएर देखा परेको छ। यही नै प्रस्तुत कवितामा व्यक्त भएको प्रतिरोध चेतना हो। यो नारीमाथि हुने बलात्कारका विरुद्धमा सशक्त आवाज उठाइएको कविता हो। यस कवितामा आफन्तहरूलाई नै बलात्कार गर्ने निन्दित पुरुषहरूप्रति चट्याङज्वाला भएर विस्फोट हुने विद्रोही नारी चेतनाको अभिव्यक्तिलाई 'म चट्याङ ज्वाला जलाएर उठ्छु। सिकारीहरूको सिकारी म हुन्छु' कवितांशका माध्यमबाट प्रस्तुत गरिएको छ। यसका साथै कवितामा हत्यारा तथा बलात्कारीहरूलाई देशले सुरक्षा दिएकामा त्यसप्रति असन्तुष्टि प्रकट गर्दै यस किसिमको बेथितिविरुद्धमा आक्रोश व्यक्त गरिएको छ। 'म आगो भएकी छु हिँसाहरूमा। म ज्वालामुखी फुट्छु हत्याहरूमा' भन्ने

कवितांशका माध्यमबाट समाजमा हुने नारीशोषण तथा बलात्कारका विरुद्धमा सशक्त आवाज उठाइएको छ। यो नै यस कवितामा व्यक्त भएको प्रतिरोधसँग सम्बन्धित नारीवादी चेतना हो।

'सृष्टिमसी' *भ्रूण प्रश्न* कवितासङ्ग्रहमा रहेको लैङ्गिक चेतनासँग सम्बन्धित अर्को कविता हो। यो कविता पूर्ण रूपमा नारीचेतनासँग सम्बन्धित छ। यसमा नारीको मासिक स्रावको रजलाई सृष्टि लेख्ने मसीका रूपमा प्रस्तुत गरी नारीलाई सृष्टिका स्रोतका रूपमा चिनाइएको छ। कवितामा सिङ्गो सृष्टिको कारकतत्त्वका रूपमा नारीको प्रतिनिधित्व गराइएको छ। कवितामा सिङ्गो संसारलाई सारा प्राणीहरूको पाठेघरका रूपमा चिनाउँदै यो संसारमा प्रकृतिको रजको पोषण लिई प्राणी भ्रूणको विकास हुने धारणा राखी नारीलाई सृष्टिकर्ताका रूपमा प्रतिनिधित्व गराइएको छ। यस कवितामा प्रजननका माध्यमबाट सृष्टिप्रक्रियालाई निरन्तरता दिने शक्तिका रूपमा नारी जातिको चिनारी दिइएको छ। 'नारीमै छ अपार सुष्टि रचना जे देख्छु त्यो भन्दछु', 'ब्रह्माको पनि जन्म हुन्छ रजमै नारी धरा उर्वरा', 'नारीकै रजरक्त गर्भघरले ब्रह्माण्ड यो फुल्दछ' जस्ता कविता कथनका माध्यमबाट यस कवितामा नारी जातिलाई सृष्टिकै रचनाकारका रूपमा पहिचान दिलाइएको पाइन्छ। कवितामा विशिष्ट रूपमा नारीशक्तिको पहिचान गराइएको छ। यो सृष्टिको निर्माण ब्रम्हाले गरेको हो भन्ने कुरासँग असहमत हुँदै कविले धर्तीको रजबाट सृष्टिप्रक्रिया गतिशील भएको हो भन्ने विचार प्रस्तुत गर्दै सृष्टिप्रक्रियाको कारकतत्त्व रजलाई विशेष पहिचान दिलाउन खोजेकी छन्। कवितामा नारीलाई उर्वर धराका रूपमा चिनाउँदै ब्रह्माको उत्पत्ति पनि यही रजबाट भएको हुनाले नारीको मासिक स्रावलाई गङ्गाजस्तै पवित्र तीर्थस्थल र पाप तारण गर्ने ऐश्वर्यको पुञ्जका रूपमा चिनाइएको छ।

आत्रेयले 'सृष्टिमसी' कविताका माध्यमबाट नारीमाथि हुने शोषणका विरुद्धमा प्रतिरोधमूलक आवाज उठाएकी छन्। यो कविता पहिचानमूलक भए पनि नारी शक्तिको पहिचानका साथै उनीहरूमा रहेको विद्रोही चेतना समेतको अभिव्यक्तिका माध्यमबाट प्रतिराधचेतनालई प्रस्तुत गरिएको देखिन्छ। 'भत्काई अब छाउगोठ रजको उल्लास भित्र्याउँछु', 'मैले नै अब मेट्नुपर्छ युगको पापी कथा क्रूरता' जस्ता कवितांशमा पितृसत्तात्मक समाजमा विकसित मासिकस्रावलाई अछुत मान्ने प्रवृत्तिको विरोध गरी यस किसिमका अनाचारका विरुद्धमा प्रतिरोधको स्वर व्यक्त गरिएको छ। नारी ले नै मासिक स्रावका नाममा विकसित भएका हिंसा तथा अन्योता समाप्त गर्नुपर्ने विचारलाई प्रस्तुत गरी कवितामा एकातिर नारी जागरणका स्वरहरूलाई प्रस्तुत गरिएको छ भने अर्कोतिर नारीमाथिका सामाजिक तथा सांस्कृतिक अपराधका विरुद्धमा नारी स्वयम् जागृत हुनुपर्ने विचारका साथ प्रतिरोधमूलक विचारलाई अभिव्यक्त गरिएको छ।

'गान्धारीहरू' *भ्रूण प्रश्न* कविता सङ्ग्रहभित्रको अर्को नारीवादी कविता हो। यसमा पतिभक्तिका नाममा धृतराष्ट्रकी पत्नी गान्धारीले आँखामा पट्टी बाँधेर अन्धता ग्रहण गरेको महाभारतीय मिथकलाई कथ्य बनाएर हाम्रो समाजमा पुरुष दमन, शोषण र घातलाई सहेर बसेका नारीहरूमाथि चेतना भर्न खोजिएको छ। लिङ्गका आधारमा बनेका परम्परा र रूढ आचरणलाई सांस्कृतिक अध्ययनका सन्दर्भमा लैङ्गिक रूढि प्रकार अर्थात् जेन्डर स्टेरियो टाइप्सका रूपमा चिनाइएको पाइन्छ (सुवेदी, २०७३, पृ. ३१३)। यहाँ गान्धारीले आँखामा पट्टी बाँधेर अन्धता ग्रहण गरेको सन्दर्भलाई यही लैङ्गिक रूढि प्रकारका रूपमा बुझ्नु

सान्दर्भिक हुन्छ । यस किसिमका रूढिका कारण नारीहरू आफूमाथि नै भएको शोषणलाई देख्न सक्दैनन् । आफ्नै सभामा द्रौपदीलाई नङ्ग्याउँदा कुनै प्रतिकार नगर्ने गान्धारीका माध्यमबाट यहाँ यस किसिमको रूढिलाई प्रस्तुत गर्न खोजिएको देखिन्छ । कवितामा नारीमाथि नै शोषण र उत्पीडन हुँदा नारी नै चुँ नबोल्ने प्रवृत्तिप्रति चोटिलो व्यङ्ग्य प्रहार गरिएको छ । अहिले घरघरै संस्कार तथा संस्कृतिका नाममा छोरालाई मात्र वंशपरम्परा थाम्ने चिन्तन विकसित भइरहेका सन्दर्भमा नारीमाथि चरम शोषण तथा दमन भइरहेको र बोक्सीका नाममा नारीमाथि अन्याय भइरहँदा पनि नारीहरू चुप लागेर बसेकाले कविताले नारी अत्याचारका विरुद्ध उत्रनका लागि आग्रह गरेको यो आग्रह यस कवितामा व्यक्त भएको प्रतिरोधको स्वरलाई प्रस्तुत गरेको छ । पुरुष दासतालाई सहेर लक्ष्य भेट्न नसकिने भएकाले विद्रोही हतियार मार्फत विजयपथतिर गतिशील हुन कविताले यसरी आग्रह गरेको छ :

तिम्रो जीवनको खुला हृदयमा पर्खाल आफैँ तिमी
न्यानो घाम उदाउने सगरमा आफैँ अँध्यारो तिमी
अर्काको पदले हिँडी विजयको के स्वप्न देखिन्छ र?
गान्धारी अब लक्ष्य भेट्नु छ भने आँखा उघारी हिँड । (आत्रेय,२०७७, पृ. ९)

प्रस्तुत कविताले परम्परालाई आदर्श बनाएर हिँड्दा नारीहरू आफ्नै कारणले पनि शोषितपीडित बनेको यथार्थलाई प्रस्तुत गरेको देखिन्छ । नारीहरूले आफूमाथि भएका शोषणदमनलाई बुझ्न नसकेका कारणले पनि नारीहरू परम्पराका चापमा पीडित बनेको सन्दर्भलाई कवितामा प्रस्तुत गरिएको पाइन्छ । अस्तित्वका लागि नारीले पुरुषशोषणको सशक्त रूपमा प्रतिरोध गर्नुपर्ने विचारलाई अगाडि सारेको देखिन्छ । कवितामा 'आँखा खोल र बोल सत्य मनमा गाँठो परेको भए' भन्ने कथनका माध्यमबाट परम्पराका विरुद्ध आँखा खोल्न र पुरुषशोषणका विरुद्ध सत्य बोल्न आग्रह गरिएको छ भने 'गान्धारी अतिवाद छोड घरको उत्थान सोच्ने भए' भन्ने उक्तिका माध्यमबाट नारीहरूले समतामूलक समाजको विकास गर्न पितृसत्ताका रूढ मान्ताहरूमाथि विद्रोह गर्नुपर्ने विचार व्यक्त गरिएको छ । यस कविताले परम्परालाई आदर्शका नाममा ग्रहण गर्दा आफैँ शोषणमा परेका नारीहरूको प्रतिनिधित्व गराई पम्पराको दासताका कारण आफूमाथि नै अन्याय भएको थाहा नपाउने चरित्रका रूपमा नारीको पहिचान गराइएको छ । कविताले यस कसिमको दासताविरुद्ध सबै नारीलाई आँखा खोलेर अगाडि बढ्न आग्रह राखेको छ । यही आग्रहको स्वर नैं यस कवितामा व्यक्त भएको प्रतिरोध चेतना हो ।

'अरूणको सङ्कल्प' *भ्रूण प्रश्न* कवितासङ्ग्रहको लैङ्गिकतालाई अभिव्यक्त गरिएको अर्को कविता हो । यस कवितामा योगमायाको विद्रोहलाई कथ्य बनाएर समताका लागि नारीले परम्परादेखि नै विद्रोह गरे पनि अहिलेसम्म यहाँ नारी स्वतन्त्रता र नारी अस्तित्व कायम हुन नसकेको विचारलाई प्रस्तुत गरिएको छ । नारीले हाँस्दा बात लगाउने तथा बोल्दा इज्जत फ्याँकिने समयमा विद्रोहको अभियान चलाई सतीनियम तोड्न र युगको मैलो पखाल्न अठ्सठ्ठी जना नारीहरूका साथ योगमायाले जल समाधिमार्फत् विद्रोह गरे पनि अहिलेसम्म यो विभेदको पर्खाल जस्ताको तस्तै रहेकामा त्यसप्रतिको असन्तुष्टिको स्वरलाई

यस कवितामा प्रस्तुत गरिएको पाइन्छ । नारीको बलिदान र विद्रोहको इतिहासलाई मूल कथ्य बनाइएको यस कवितामा देशमा समतामूक समाजको निर्माण कसरी र कहिले होला भन्ने विषयमा चिन्ता प्रकट गरिएको देखिन्छ ।

कवितामा इतिहासमा लैङ्गिक विभेदका विरुद्धमा विद्रोह स्वरूप जलसमाधि लिएका नारीहरूको प्रतिनिधित्व गराई वर्तमानमा समेत यस किसिमको लैङ्गिक विभेद जीवित रहेको सन्दर्भलाई प्रस्तुत गरिएको छ । वर्तमानमा पनि लैङ्गिक हिंसा भोग्दै बाँचिरहेका व्यक्तिका रूपमा नारीको पहिचान दिन खोजिएको यस कवितामा व्यक्तिगत स्वार्थका लागि नभई नारी जातिकै मुक्ति र छुवाछुत प्रथाको विभेदलाई हटाउनाका लागि योगमायाले  विद्रोह गरेको यथार्थलाई एकातिर प्रस्तुत गरिएको छ भने अर्कातिर  इतिहासमा धेरै बलिदान भए पनि अझैसम्म समतामूलक समाजको विकास हुन नसकेकामा चिन्ता प्रकट गरिएको छ । कवितामा देशलाई समतामूलक बनाउन चाहने अरुणको सङ्कल्प कहिले पूरा होला भन्ने कथ्यका माध्यमबाट विभेदविरुद्धको समताको स्वरलाई यसरी प्रस्तुत गरिएको पाइन्छः

जे जे निम्ति लडिन् थिएन उनको आफ्नो निजी तिर्सना
साझा लक्ष्य थियो थियो सफर त्यो निःस्वार्थ त्यागीपन
ऐलेसम्म भएन धर्मयुगको साँच्चै नयाँ शासन
कैलेसम्म रुँदै रुँदै अरूण त्यो बग्ला अँध्यारो मन । (आत्रेय,२०७७, पृ. ११)

कवितामा प्रतिरोधको स्वर त्यति सशक्त रूपमा व्यक्त नभए पनि यसमा आलोचनात्मक यथार्थवादी दृष्टिबाट लैङ्गिक हिंसाका साथै छुवाछुत प्रथाप्रति असन्तुष्टि व्यक्त गरिएको छ ।

'नकाम गृहिणी उवाच' *भ्रूण प्रश्न* कविता सङ्ग्रहभित्रको नारी विभेदको स्वरलाई अभिव्यक्त गरिएको अर्को लैङ्गिक चेतनामूलक कविता हो । यस कवितामा गृहिणीको महत्त्वलाई विशिष्ट रूपमा प्रस्तुत गरिएको छ । एउटी नारी वा घरकी गृहिणी बिरामी भई भने सारा घर बिरामी हुने वा ढिकी, जाँतो, कुटो-कोदालो, चुलो, अगेनो, गाईवस्तु, धारा, कुवा, पँधेरा सबै अशक्त हुने कथ्यका माध्यमबाट कविताले नारीको महत्त्वलाई स्पष्ट पार्दै घरको जिम्मेवारी नारीले नै सम्हाल्नु पर्ने हाम्रो सामाजिक परिपाटीलाई प्रतिबिम्बित गरेको छ । कवितामा परम्परागत समाजमा घरको सबै अभिभारा काँधमा बोकेर घर चलाइरहेकी गृहिणी नारीको प्रतिनिधित्व गराइएको छ भने घरमा आइमाईहरूको केही काम हुँदैन पुरुषले नै सबै जिम्मेवारी पूरा गर्नुपर्छ भन्ने रूढिबाट प्रताडित भएका महिलाका रूपमा नारीहरूको पहिचानलाई प्रस्तुत गरिएको छ । नारी केही काम गर्दैनन् हामी पुरुषहरूले नै घर चलाएका छौँ भन्ने पुरुषहरूलाई गतिलो झापड दिने उद्देश्यले यो कविताको सिर्जना गरिएको छ देखिन्छ । गृहिणी भयो भने मात्र गृह गृह हुन्छ भन्ने नारी आदर्शलाई यस कविताले स्थापित गर्न खोजेको देखिन्छ । यो कविता प्रतिरोध चेतनामा भन्दा बढी घरमा पुरुषका लागि नारीको मूल्य कति हुन्छ भन्ने प्रश्नसँग सम्बन्धित रहेको छ। नारीहरूले सिङ्गो घरको जिम्मेवारी सम्हालेर घरगृहस्थी चलाइदिए पनि नारीको जिम्मेवारीलाई पुरुषले कहिलै बुझ्न नसकेकामा त्यस किसिमको लैङ्गिक दृष्टिप्रति कवितामा पूर्ण रूपमा असन्तुष्टि प्रकट गरिएको छ । सांस्कृतिक अध्ययनमा लैङ्गिक विभेदको चर्चा

गरिएको पाइन्छ । लिङ्गका आधारमा गरिने भेदभाव नै लैङ्गिक विभेदकता वा जेन्डर डिस्क्रिमिनेसन हो (सुवेदी, २०७३, पृ. ३१२) । यस कवितामा पनि नारीहरूले मात्र घरभित्रका सबै काम गर्नुपर्छ भन्ने परम्परागत नेपाली समाजको विभेदको स्वरलाई सन्दर्भ बनाएर घर परिवारमा नारीको भूमिकालाई चित्रण गर्न खोजेको देखिन्छ । नारीहरू कहिल्यै पनि आराम गर्न पाउँदैनन् वा नारीहरू घरका लागि नकाम हुनै सक्तैनन् भन्नु नै यस कविताको मूल कथ्य हो । यस किसिमको सत्यता हुँदाहुँदै पनि नारीलाई नकाम वस्तुका रूपमा परिभाषित गर्ने तथा घरका कामजति जम्मै नारीका भागमा थुपारिदिने प्रवृत्तिप्रति जुन किसिमको असन्तुष्टिको स्वर यस कवितामा व्यञ्जनाका तहमा व्यक्त भएको छ यो नै यस कविताको प्रतिरोध चेतना हो । यस किसिमको चेतनाको अभिव्यक्ति ‘स्त्री यौटी घरकी नकाम कहिल्यै हुन्नन् यही देखियो’ जस्ता कथनका माध्यमबाट व्यक्त गरिएको पाइन्छ ।

*भ्रूण प्रश्न* कविता सङ्ग्रहभित्रको ‘आमा’ कविताले नारीको स्वरूपलाई प्रस्तुत गरे पनि यो कविता लैङ्गिक चेतनाभन्दा बढी आमाको महिमागानसँग सम्बन्धित छ । यहाँ आदर्श जननीका रूपमा आमाको चित्रण गरिएको देखिन्छ । कवितामा अनेक दुःख खपेर सन्तानको स्नेहमा समर्पित आमाको महिमा गान यसरी गरिएको पाइन्छः,

विशाल ब्रह्माण्ड स्वरूप तिम्रो
अनन्त माया ममता सबैको
डुबेर आफू नवसृष्टिभित्र
प्रकाश बन्छौ जननी पवित्र । (आत्रेय,२०७७, पृ. १९)

आमाको महिमागान र मातृवात्सल्यलाई मूल कथ्य बनाइएको यस कवितामा सन्तानका लागि आमा देवता, तीर्थ, उज्यालो छर्ने सविता वा सूर्य साथै सन्तानका  सपना, विपना एवम् बाँच्ने आधारस्वरूपा हुन्छिन् भन्ने मुख्य विचारलाई प्रस्तुत गरिएको । मूलतः यस कवितामा आमाको महिमागानका माध्यमबाट नारी जातिको प्रतिनिधित्व गराई सन्तानका लागि नारी सबैभन्दा महान् हुने विचारका साथ उच्चउदात्त चरित्रका रूपमा नारीको पहिचान गराइएको छ ।

‘वसुन्धरा’ *भ्रूण प्रश्न* कवितासङ्ग्रहको अन्योक्तिमूलक कविता हो । यस कवितामा वसुन्धरा अर्थात् पृथ्वीको सहनशीलतालाई कथ्य बनाई प्रतीकात्मक रूपमा नारी जातिको सहनशील स्वभावलाई प्रस्तुत गरिएको छ । धर्तीले अनेक व्यथा, पीडा, आतङ्कक सहेर अरूको हित गरेको कथ्य वा अभिधेय अर्थका माध्यमबाट कवितामा नारीले अनेक प्रकारका कष्ट खपेर अरूलाई खुसी तुल्याएको व्यङ्ग्यार्थलाई प्रस्तुत गरिएको पाइन्छ । यहाँ नारीविषयक व्यङ्ग्य अर्थभन्दा वसुन्धराविषयक वाच्यार्थजन्य सौन्दर्यको आधिक्यका कारण गुणीभूत व्यङ्ग्यध्वनिको अवस्थिति छ । यति भईकन पनि नारीको पहिचानलाई यहाँ धर्तीको उपमेय वा बिम्बबाट भने प्रस्तुत गरिएकै पाइन्छ । यस तात्पर्यमा नारी आदर्शलाई प्रतीयमान रूपमा व्यक्त गरिएको कविताका रूपमा यो कविता देखा परेको छ । विशेषतः यस कवितामा नारीलाई वसुन्धरासमान आदर्श

पात्रका रूपमा पहिचान गराइएको देखिन्छ । लैङ्गिकताका आधारमा नभई नारी आदर्शका प्रस्तुतिका दृष्टिले यो कविता निकै सशक्त रहेको छ ।

'अभिमान' नारी हुनुको गर्वलाई प्रस्तुत गरिएको लैङ्गिक चेतनासँग सम्बन्धित कविता हो। यस कवितामा नारी शक्तिलाई विशिष्ट पहिचानका साथ प्रस्तुत गरिएको छ । कवितामा सिङ्गो ब्रम्हाण्डको स्रष्टाका रूपमा नारी शक्तिको परिचय दिइएको छ । 'म नै हुँ सिर्जना नयाँ विशाल स्वर्ग मर्त्यको', 'तुफान रोक्छु हातले पहाड छेक्न सक्तछु', 'म जन्म दिन्छु विश्वको र विश्वमै बिलाउँछु' जस्ता कथनका माध्यमबाट यस कवितामा जुनसुकै कर्म गर्नसक्ने क्षमता भएका चरित्रका रूपमा नारीको पहिचान गराइको छ । यस कवितामा विशेषतः सृष्टिको बीज वा कारकका रूपमा नारीशक्तिलाई उभ्याइएको छ । महाभारत तथा रामायणको पौराणिक मिथकलाई सन्दर्भ बनाउँदै कुन्ती, सीताजस्ता आदर्श नारीका कथालाई ऐतिहासिक साक्ष्य बनाएर यस कवितामा इतिहासमा जति अन्याय सहे पनि अबचाहिँ त्यसको प्रतिवाद गरेरै छाड्ने नारीप्रतिरोध चेतनालाई सशक्त रूपमा अभिव्यक्त गरिएको पाइन्छ । कवितामा नारीहरूमाथि भएका सबै किसिमका विभेदको प्रतिरोधलाई निम्नअनुसारका श्लोकमा प्रस्तुत गरिएको पाइन्छः

म कालकूट कण्ठमा लिएर जिन्दगीभरि
सहेँ बसेँ युगौँ युगौँ पिएर आँसुको झरी
भयो सहन्न क्रूरता विभेदका जरा जरा
उखेल्छु च्यात्छु भस्म पार्छु क्षुद्र यी परम्परा । (आत्रेय,२०७७, पृ. ३९)

यो साक्ष्यले इतिहासका विभिन्न कालखण्डमा नारीहरूले अन्याय सहनुपरे पनि अबचाहिँ यस किसिमका पृथकता, विभेद र अन्यायलाई सहन नसक्ने तथ्यलाई प्रस्तुत गरेको छ । पितृसत्तात्मक समाजका सबै रूढिहरूलाई च्यातेर फाल्ने यस उद्घोषले यो कविता पूर्ण रूपमा नारी विभेदको प्रतिकारकै लागि लेखिएको प्रस्ट हुन्छ । लिङ्कै आधारमा उपेक्षित बन्न पुगेकाहरूले आफ्नो परिचयको स्थापनाका निम्ति गर्ने प्रयत्नलाई सुवेदी (२०७३,पृ.३१२) मा लैङ्गिक परिचय वा जेन्डर आइडेन्टिटी भनिएको छ । यस किसिमको लैङ्गिक परिचयलाई यस कविताले स्थापित गर्न खोजेको पाइन्छ । कवितामा नारीमाथि हुने सबै किसिमका विभेदका विरुद्धमा व्यक्त भएका प्रतिरोध भावहरू भावात्मकभन्दा बढी आक्रोशकै तहमा व्यक्त भएका देखिन्छन् । नारीविद्रोहलाई शिवताण्डवका रूपमा प्रस्तुत गरिएको यो कविता नारीमाथि हुने भेदभाव, शोषण, दमन, अन्याय, अत्याचारको प्रतिरोधका दृष्टिले निकै सशक्त देखिन्छ ।

*भ्रूण प्रश्न* कविता सङ्ग्रहमा रहेका 'प्रेम २' र 'अर्धाङ्ग' आदर्श पुरुषप्रतिको समर्पण, प्रेम, त्याग र सद्भावसँग सम्बन्धित चेतनालाई प्रस्तुत गरिएका कविताहरू हुन् । यी कवितामा प्रेमीप्रेमिका अथवा पतिपत्नीका बिचको आदर्श प्रेमसम्बन्धलाई हार्दिकताका साथ प्रस्तुत गरिएको छ । स्त्री र पुरुषका आपसी समझदारी र प्रेमको पारस्परिक आत्मयीताबाटै सुन्दर संसारको निर्माण हुने भाव यी कवितामा व्यक्त भएको पाइन्छ । कवितामा पुरुषको हार्दिक प्रेमभित्रै नारीले ऊर्जा प्राप्त गर्ने ध्वन्यार्थलाई प्रेम २ कवितामा यसरी व्यक्त गरिएको छः

म उद्यान भेट्छु यही प्याराभित्र
म जङ्घार तर्दै बगुँला पवित्र
यही प्रेमले जादु गाथा समेट्छु
म त्यो ढुकढुकीमा मलाई समेट्छु । (आत्रेय,२०७७, पृ. ५१)

'अर्धाङ्ग' कवितामा पुरुषलाई जीवनको आधा अङ्गका रूपमा परिभाषित गर्दै पुरुषप्रतिको आदर्श प्रेमसम्बन्धलाई प्रस्तुत गरिएको पाइन्छ । पुरुषसँगको आत्मीय सम्बन्धले नै नारीको जीवन हराभरा हुने भावलाई यस कवितामा व्यक्त भएको पाइन्छ । पुरुषको प्रेम पाएरै नारीजीवन धन्य हुने भावको अभिव्यक्ति निम्नअनुसारका श्लोकमा भएको छः

मेरो माथ गुराँस फुल्दछ तिमी हाँसेर हेरे पनि
मेरै अङ्ग प्रत्यङ्ग इन्द्रधनुझैँ खुल्छन् सुनौला बनी
तिम्रो जीवनका हरेक लहरा मैले सकूँ फैलिन
तिम्रै प्रेमघडा पिएर म जिऊँ सङ्घर्षको जीवन । (आत्रेय,२०७७, पृ. ५३)

लैङ्गिक चेतनाको अभिव्यक्ति नभए पनि यी कविताले नारीहरूलाई प्रेम, स्नेह, हार्दिकता, समर्पण, त्याग तथा अनुशासनमा समर्पित आदर्श पात्रका रूपमा पहिचान गराएको पाइन्छ ।

'लेख्न बाँकी छ भानु' *भ्रूण प्रश्न* कविता सङ्ग्रहभित्रको स्रष्टाको योगदानको समीक्षा गरिएको कविता हो । यस कवितामा भानुभक्तलाई सन्दर्भ बनाएर स्रष्टाहरूले अझै धेरै लेख्न बाँकी रहेको विषयलाई प्रस्तुत गरिएको छ । देशका गरिबी, पीडा, असङ्गतिहरूलाई स्रष्टाले अभिव्यक्त गर्नुपर्ने आग्रह पनि यस कविताको विषयवस्तु बनेको छ । स्रष्टाले आफ्ना रचनामा नारीले भोग्नु परेका नियतिलाई पनि यथार्थ रूपमा प्रस्तुत गर्नुपर्ने विचारलाई कवितामा यसरी प्रस्तुत गरिएको छः

हरण कति यहाँ छन् भ्रूण छोरीहरूका
घरघर लुटिँदै छन् अस्मिता बालिकाका
अब कलम मसीमा धार लाएर आऊ
विचलित दुनियाँको न्याय लेखेर आऊ । (आत्रेय,२०७७, पृ. ५८)

वर्तमान समयमा छोराहरूलाई मात्र जीवनको आधार मानेर लिङ्ग पहिचान गरी गर्भमै छोरीहरूको हत्या गर्ने प्रवृत्ति बढेको छ । घरघरमा यौनजन्य अपराधहरू दिनानुदिन बढिरहेका छन् । कविले यस किसिमका गर्भमै छोरीको हत्या गर्ने, घरघरमा बालिकाको अस्तित्व लुटिनेजस्ता लैङ्गिक अपराधसँग सम्बन्धित पक्षहरूको चित्रण गर्दै लैङ्गिक शोषण वा हिंसाको अन्त्य हुनुपर्ने चिन्तनलाई यस कवितामा प्रस्तुत गरेको देखिन्छ । विशेषतः यस कवितामा सबै किसिमका यौनअपराधहरूलाई सिर्जनाका माध्यमबाट उजागर गर्नुपर्ने विचारलाई व्यक्त गरिएको देखिन्छ । यस तात्पर्यमा यस कविताले पनि नारीको प्रतिनिधित्व गराई प्रताडित चरित्रका रूपमा नारीको पहिचान गराउँदै यस किसिमको प्रताडनाका विरोधमा प्रतिरोधको भावलाई व्यक्त गरेको पाइन्छ ।

'चिता पनि भनिरहेछ' *भ्रूण प्रश्न* कवितासङ्ग्रहमा सङ्गृहीत लैङ्गिक चेतनासँग सम्बन्धित कविता हो । यस कवितामा अब छोरीहरूले भेदभावको पर्खाल तोडेर छोराकै भूमिकामा उभिनुपर्ने विचारलाई सशक्तताका साथ उठाइएको छ । पितृसत्तात्मक समाजमा पुरुष सम्प्रभुत्वका कारण सीमान्तमा पुऱ्याइएका चरित्रका रूपमा यस कवितामा छोरीहरूको पहिचान गराइएको छ । हाम्रो समाजमा छोरीहरूलाई बाबुआमाको किरिया गर्ने अधिकार मात्र छैन । बाबुका उत्तराधिकारसमेत छोरीलाई प्राप्त छैन । सम्पत्तिमा त उनीहरूको उत्तराधिकार हुने कुरै भएन । यो भेदभावको अवस्थालाई यस कविताले सशक्त रूपमा उठाएको छ । छोरीहरूले पनि बाबुआमाको क्रिया गर्न पाउनुपर्ने उनीहरूमा विभेदको तगारो हाल्न नहुने जस्ता भाव विचारको अभिव्यक्तिका साथै यस किसिमका विभेदको प्रतिकार गर्न कविताले यसरी आग्रह गरेको छः 'बाधा बनेको विधि तोड्नुपर्छ छोरी तिमी हम्बर बन्नुपर्छ।' छोरीलाई लिङ्गकै आधारमा विभेद गर्ने हिन्दू धर्मको रूढिमाथि यो कविताले गतिलो प्रहार गरेको छ । लिङ्गकै आधारमा उपेक्षित बन्न पुगेकाहरूले आफ्नो परिचयको स्थापनाका निम्ति गरिएका प्रयासका सन्दर्भहरूको पक्षलाई लैङ्गिक परिचय जेन्डर आइडेन्टिटी का नामबाटद सम्बोधन गरिन्छ (सुवेदी, २०७३, पृ. ३१२) । यस कवितामा यस किसिमको लैङ्गिक परिचयका लागि नारी स्वयम् विद्रोही बनेर अगाडि आउनुपर्ने विचारलाई प्रस्तुत गरिएको पाइन्छ । कवितामा परम्परित पितृसत्तात्मक समाजमा नारीमाथि हुने विभेद विरुद्धको प्रतिकारको स्वरलाई यसरी प्रस्तुत गरिएको छः

पर्दैन सेता परिधान फेर्न
खौरेर नाङ्गो शिर त्यो उधार्न
विद्रोहको नाद बनेर आऊ
छोरीहरू यो कुप्रथा हटाऊ । (आत्रेय,२०७७, पृ. ७२)

पितृसत्तात्मक समाजमा हुने लैङ्गिक विभेद र सामाजिक रूढिका विरुद्धमा लैङ्गिक प्रतिरोधका दृष्टिले आत्रेयको यो कविता निकै शक्तिशाली बनेको छ । प्रगतिवादी मूल्यका दृष्टिले समेत यो कविता निकै विशिष्ट देखिन्छ ।

### *भ्रूण प्रश्न*का नारी चेतनायुक्त कवितामा लैङ्गिक काव्यमूल्य

कवि टीका आत्रेयको *भ्रूण प्रश्न* कविता सङ्ग्रहमा सङ्गृहीत नारीवादी चेतनायुक्त कवितालाई लैङ्गिक स्वरसन्धानका आधारमा विश्लेषण गर्दा यी कवितामा उत्कृष्ट किसिमको काव्यमूल्यको अभिव्यक्ति रहेको निष्कर्ष प्राप्त भएको छ । यस सङ्ग्रहको शीर्ष कविता 'भ्रूण प्रश्न' मा पितृसत्तात्मक सामाजिक मान्यताका कारण भ्रूणमै लिङ्गपहिचान गरेर पतिपत्नीका आपसी समझदारीमै गर्भपतन गराउने प्रवृत्तिप्रति असन्तुष्टि प्रस्तुत गरिएको छ । यहाँ नारी नै छोरीहरूप्रति संवेदनशील नभएको देखिए पनि यस चेतनाका निर्माणमा हाम्रो सामाजिक सोच तथा मान्यताले भूमिका खेलेको सन्दर्भ मुख्य भएर आएको छ । नारीवादी मान्यताका आधारमा हेर्ने हो भने यही परम्परित पितृसत्ताकै दासताका कारण छोरीहरूले गर्भैमा मृत्युवरण गर्नुपरेको यथार्थलाई यस कवितामा प्रस्तुत गरेको देखिन्छ । नेपाली समाजको पितृसत्तात्मक रूढिवादी

मान्यतामाथिको प्रतिरोध यस कविताको लैङ्गिक काव्यमूल्यको विशिष्ट पक्ष हो । यस सङ्ग्रहको 'आमा बनेको दिन' नारीको प्राकृतिक प्रजनन धर्मको विश्लेषण गरिएको कविता हो । यसमा नारीवादी लैङ्गिक चेतनाको त्यति सशक्तता नपाइए पनि नारीवादभित्र चर्चा भएको शरीर राजनीतिको प्रसङ्गलाई भने यस कविताले उठाएकै छ । नारीको आफ्नै शरीर संरचना हुन्छ । शारीरिक बनोट, नछुने, गर्भधारण, प्रसूतिजस्ता कुराहरू नारीका मात्र अनुभव र पीडासँग जोडिएका विषय हुन् । लिङ्गसँग जोडिएका यी सबै पीडालाई खप्नसक्ने क्षमता केवल नारीमा मात्र रहने भएकाले यस मामलामा पुरुषहरूभन्दा महिलाहरूको भूमिका महत्त्वपूर्ण हुने चिन्तनका दृष्टिले यो कविता महत्त्वपूर्ण रहेको छ ।'वासनाका सिकारीविरुद्ध' यौनशोषण र बलात्कारका विरुद्धमा प्रतिरोधी चेतनालाई प्रस्तुत गरी लेखिएको कविता हो । यस कवितामा नारी लैङ्गिक परिचय अर्थात् जेन्डर आइडेन्टिटीलाई बढी महत्व दिँदै प्रतिरोधको स्वरलाई सशक्त रूपमा प्रस्तुत गरिएको छ । पितृसत्तात्मक समाजका मान्यता भत्काउन महिलाहरूले आफैँ विद्रोह गर्नसक्छन् भन्ने वैचारिकताका दृष्टिले यो कविता निकै शक्तिशाली रहेको देखिन्छ ।

*भ्रूण प्रश्न* कविता सङ्ग्रहमा सङ्गृहित 'सृष्टिमसी' नारी लैङ्गिक परिचय अर्थात् जेन्डर आइडेन्टिटीसँग सम्बन्धित कविता हो । यसमा नारीलाई संसारकै सृष्टिकर्ताका बिम्वमा उभ्याइएको छ । नारीलाई रजोमती हुँदा अछूत मान्ने नेपाली समाजको रूढिवादको खण्डन तथा सृष्टिकर्ता नारीको विशिष्टताका प्रस्तुतिका दृष्टिले कविता निकै विशिष्ट बनेको छ । छाउप्रथादेखि लिएर सबै लैङ्गिक हिंसाको प्रतिकार एवम् प्रतिरोधको चेतनाको अभिव्यक्ति यस कविताको विशिष्ट लैङ्गिक काव्यमूल्य हो । 'गान्धारीहरू' पितृसत्तात्मक मूल्यकै सामाजिक आडमा आफ्नै पहिचान खोज्न नसकेका नारीहरूको परम्पराभक्तिमाथि प्रतिरोध व्यक्त गरिएको कविता हो । पितृसत्तात्मक समाजमा नारीहरू परम्परालाई विनातर्क ग्रहण गरिरहेका सन्दर्भलाई उठाई नारीहरूलाई सचेतीकरण गर्ने जुन विशिष्टता यस कवितामा प्रतिबिम्बित भएको छ त्यसका आधारमा यो कविता निकै विशिष्ट रहेको देखिन्छ । 'अरूणको सङ्कल्प' समताका लागि इतिहासमा भएका नारीविद्रोहलाई कथ्य बनाइएको कविता हो । नारीहरू जस्तोसुकै बलिदान गर्न सङ्गठित रूपमै पछि नपर्ने विचारका माध्यमबाट यसमा नारीशक्तिलाई प्रतिनिधित्व गराइए पनि अहिले पनि विभेदको खाडल पुरिन नसकेको यथार्थलाई यस कविताले स्पष्ट पारेको छ । नारीमाथिको शोषणको शृङ्खला अद्यापि रहिरहेकामा जुन असन्तुष्टि यस कवितामा व्यक्त भएको छ त्यो नै यस कविताको लैङ्गिक विशिष्टता हो । यसै गरी 'नकाम गृहिणी उवाच' नारीले जुनसुकै अवस्थामा घर सम्हालिरहनु पर्ने तर पुरुषचाहिँ घरभित्रै पनि मालिकै भएर बसिरहने प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको कविता हो । घरपरिवारभित्र नारीले लैङ्गिक विभेदको प्रताडनाबाट ग्रसित हुनुपरेको जुन कथ्यलाई यस कवितामा बीज बनाइएको छ यो नै यस कविताको लैङ्गिक काव्यमूल्य हो ।

'आमा' र 'वसुन्धरा' नारी आदर्शलाई अभिव्यक्ति दिएका कविता हुन् । यी कवितामध्ये पहिलामा आमाको महत्तालाई र दोस्रामा धर्तीका माध्यमबाट नारी स्वभावलाई प्रस्तुत गरिएको छ । यहाँ नारीको दैवीकरण तथा आदर्शीकरण गरिएको पाइन्छ । नारीहरू आदर्शका प्रतिमूर्ति हुन् भन्ने आदर्शका दृष्टिले यी

कविता निकै विशिष्ट बनेका छन् । यसैगरी 'अभिमान' नारी हुनुको गर्वलाई अभिव्यक्त भएको कविता हो । यस कविताले नारीले जस्तोसुकै चुनौती बेहोर्न सक्ने वैचारिकीलाई एकातिर प्रस्तुत गरेको छ भने अर्कातिर हाम्रो समाजमा जुन किसिमको सामाजिक लिङ्ग भेदको अवस्था छ त्यसलाई ध्वस्त पार्न नारीहरूले जुनसुकै प्रकृतिको विद्रोह गर्ने विचार व्यक्त भएको छ । यो विचारलाई यस कविताको लैङ्गिक विभेदमाथिको विद्रोहको स्वरका रूपमा व्याख्या गर्न सकिन्छ । यस आधारमा यो कविता निकै विशिष्ट देखिन्छ । 'प्रेम २' 'अर्धाङ्ग' यस सङ्ग्रहका नारी र पुरुषको आत्मीयता तथा सहअस्तित्वसम्बन्धी चेतनालाई प्रस्तुत गरिएका कविता हुन् । लैङ्गिक मूल्यका दृष्टिबाट भन्दा सामाजिक आदर्शको प्रस्तुतिका दृष्टिबाट यी कविताहरू विवेच्य रहेका छन् । 'लेख्न बाँकी छ भानु' चाहिँ सामाजिक विकृतिप्रति स्रष्टालाई चिन्तित हुन आग्रह गर्दै लेखिएको कविता हो । यसमा विद्यमान नारी हिंसा तथा अपराधलाई हटाउन स्रष्टाले समेत योगदान दिनुपर्ने जुन विषयको अभिव्यक्ति रहेको छ त्यो नै यस कविताको लैङ्गिक मूल्य हो ।'चिता पनि भनिरहेछ' लैङ्गिक विभेदका विरुद्धमा प्रतिरोध चेतनालाई सशक्त रूपमा उठाई लेखिएको कविता हो । अस्तित्व र अधिकारका लागि नारी स्वयम् विद्रोही भएर आउनु पर्ने वैचारिकीलाई यस कवितामा प्रस्तुत गरिएको छ । यही नै यस कविताको काव्यमूल्य हो ।

**निष्कर्ष**

टीका आत्रेय नेपाली कविता विधाकी वर्तमान युगकी शास्त्रीय धारकी कवि हुन् । राष्ट्रियता र लैङ्गिक चेतना उनका कविताको खास विषय क्षेत्र हो । भ्रूण प्रश्न कवितासङ्ग्रहभित्रका कविताले पनि कविका यिनै वैशिष्ट्यलाई परिपुष्ट बनाएका छन् । यी दुई पक्षमध्ये लैङ्गिक चेतनाको अभिव्यक्ति आत्रेयलाई विशिष्ट पहिचान दिने विषय हो । भ्रूण प्रश्न कविता सङ्ग्रहमा केन्द्रित भएर यस धारका कविताहरूको विश्लेषण गर्दा यस क्षेत्रमा कवि निकै सफल पनि देखिएकी छन् । यस सङ्ग्रहका कवितालाई लैङ्गिक दृष्टिले विवेचना गर्दा यी कवितामा नारी विद्रोह, स्थितिप्रतिको आलोचना, नारी संवेदना तथा लैङ्गिक समता चार किसिमका प्रवृत्तिहरू देखिएका छन् । भ्रूण प्रश्न 'वासनाका सिकारीविरुद्ध', 'अभिमान' र 'चिता पनि भनिरहेछ' यस सङ्ग्रहका नारी विद्रोहको स्वरलाई सशक्त रूपमा प्रस्तुत गरिएका कविता हुन् । यी कवितामा लैङ्गिक शोषण तथा हिंसाका विरुद्धमा प्रतिरोधको स्वरलाई विद्रोहका साथ मुखरित गरिएको पाइन्छ । यस सङ्ग्रहका 'भ्रूण प्रश्न', 'सृष्टिमसी', 'गान्धारीहरू', 'अरूणको सङ्कल्प', 'नकाम गृहिणी उवाच' र 'लेख्न बाँकी छ भानु' कवितामा भने पितृसत्तात्मक नेपाली समाजका परम्परित मूल्यहरूलाई अनजानमा होस् वा नचाहीकन नारीले स्वीकार गर्नै पर्ने बाध्यताको आलोचनासँग सम्बन्धित कविता हुन् । यी कविताले परम्परागत रूढिवादी मान्यतामाथि आलोचनात्मक दृष्टि राख्दै नारीशोषणका विरुद्धमा आलोचनात्मक स्वरलाई प्रस्तुत गरेका छन् । यसैगरी यस सङ्ग्रहको 'आमा बनेको दिन' कविताले भने नितान्त नारीहरूको लैङ्गिक तथा प्राकृतिक स्वरूपको चर्चाका माध्यमबाट प्रसूति नारीका संवेदनाहरूलाई प्रस्तुत गरेको पाइन्छ भने 'वसुन्धरा', 'प्रेम २' तथा 'अर्धाङ्ग' कवितामा नारी र पुरुषको सहअस्तित्वमा आधारित लैङ्गिक समताको स्थितिलाई स्पष्ट रूपमा प्रस्तुत गरिएको छ । यस किसिमको विषयवस्तुगत स्वरूपलाई आधार

बनाउँदा टीका आत्रेय नारीमाथि भइरहेका व्यक्तिगत तथा सामाजिक अपराधका विरुद्धका कविता रचना गर्ने कविका रूपमा देखापर्दछिन् । लैङ्गिक दृष्टिले नारी र पुरुषको सहअस्तित्वमा आधारित समतामूलक लैङ्गिक प्रतिनिधित्व र पहिचानमा जोड दिनाका साथै प्रतिरोधको चेतनालाई पनि शालीनता र हार्दिकताको आयामभित्रै समेट्नु आत्रेयको मूलभूत प्रवृत्ति देखा पर्दछ ।

## सन्दर्भ सामग्री


आत्रेय, टीका (२०७७), *भ्रूण प्रश्न,* शिखा बुक्स ।

गिरी, अमर (२०७०), सांस्कृतिक अध्ययनका सैद्धान्तिक आधार र अवधारणा, *भृकुटी* (भाग १९, असार), पृ. ११-४६ ।

गुरुङ, सुशान्त (२०७०), भूमण्डलीकरण र सांस्कृतिक अध्ययन, *भृकुटी* (भाग १९, असार), पृ. १०३-११२ ।

चैतन्य (२०७०), समकालीन बुर्जुवा दर्शन र सांस्कृतिक अध्ययन, *भृकुटी* (भाग १९, असार), पृ. १४२-१६५।

न्यौपाने, महेन्द्र (सन् २०२१), मानसी उपन्यासमा लैङ्गिकता, *MANGAL RESEARCH JOURNAL* (Vol. 2, December), पृ ७५-८८ ।

पाण्डेय, ताराकान्त (२०७८), *मार्क्सवाद, सांस्कृतिक अध्ययन र साहित्यको समाजशास्त्र* (दो.सं.), साझा प्रकाशन ।

पौड्याल, एकनारायण (२०७०), *समालोचनाको स्वरूप र पद्धत*, विमर्श नेपाल ।

बराल, ऋषिराज (२०५२), *मार्क्सवाद र उत्तरआधुनिकतावाद*, सविता बराल ।

भट्टराई, रमेशप्रसाद (२०६८), लैङ्गिक समालोचना, भित्र राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम (सम्पा.), *रत्न बृहत् नेपाली समालोचना सैद्धान्तिक खण्ड*, (पृ. २५९-२७३), रत्न पुस्तक भण्डार ।

भट्टराई, रमेशप्रसाद (२०७०), सांस्कृतिक अध्ययनका मूलभूत सिद्धान्तहरू, *भृकुटी* (भाग १९, असार, २०७०), पृ. ३३४-३६४।

सुवेदी, अभि (२०६८), सांस्कृतिक समालोचनाको सैद्धान्तिक विकास, भित्र राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम (सम्पा.) *रत्न बृहत् नेपाली समालोचना सैद्धान्तिक खण्ड* (पृ. १२५-१३९), रत्न पुस्तक भण्डार ।

सुवेदी, राजेन्द्र (२०७३), *सांस्कृतिक अध्ययन र नेपाली साहित्य,* पाठ्य सामग्री पसल ।